# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १८, अंक २, २०८१ मंसिर १-१५

Vol. 18, No. 2, November 16-31, 2024


## "बेम्बो छे" लाई ब्राण्डिङ गर्ने राजेशको सपना



❑ नेस डेस्क

टोकियो- सिन्धुपाल्चोक चौताराका एक युवा भविष्यको सुनौलो सपनाको झोला बोकेर सन् २००८ मा भाषा विद्यार्थीकारूपमा जापानमा पाईला टेक्न आईपुग्छन् । एक वर्ष भाषा कोर्स, त्यसपछि २ वर्ष ब्यवसायिक शिक्षा कोर्स र थप २ वर्ष उच्चशिक्षा अध्ययन पश्चात उनी सुरूमै चुनौतीको बाटो रोज्छन् । पढाई सकेर अधिकाँशले रोजगारी अँगाल्ने गर्छन् तर उनी भने चुनौतीको सामना गर्ने मनस्थिति बनाएर ब्यवसायमा होमिन्छन् । जसअनुसार सन् २०१३ मा रेष्टुरेन्ट ब्यवसाय सुरू गर्दा उनीसंग न त पर्याप्त पूँजी थियो, न त ब्यवसायिक अनुभव-दक्षता र न त कसैको दरिलो आडभरोसा नै । थियो त केवल केहि गरौं भन्ने हुटहुटी । सानो स्केलमा साइतामा केनबाट रेष्टुरेन्ट ब्यवसाय सुरू गरेका उनै युवा ३ वर्षपछि सन् २०१६ मा नेपालीहरूको हब मानिने शिन-ओकुबोमा नेवाः डाइनिङ सुरू गर्न आईपुग्छन् । उनी हुन राजेश श्रेष्ठ ।

त्यसको २ वर्षपछि सन् २०१८ मा उनी इताबासीमा नेवाः डाइनिङको अर्को शाखा बिस्तार गर्न सफल हुन्छन् । त्यसपछि लामो कोरोना कहरको समेत अनुभव बटुलेका राजेशले आफ्नो ब्यवसायिक उडानलाई थप उचाई भर्न हरपल तल्लिन रहन्छन् । करिव एक दशक लामो रेष्टुरेन्ट ब्यवसायको अनुभवबाट खारिएका राजेशलाई मनभित्रैदेखि केही नयाँ काम गर्ने सोचले मनमा अड्डा जमाईरहेको हुन्छ ।

त्यसबारे उनले आफ्नो अनुभव यसरी सुनाउँछन् । 'मलाई लाग्थ्यो कि यस्तो नयाँ काम गर्न सकौं, पसलको नामदेखि लिएर मेन्यू, डेकोरेशन, स्वाद, सेवा-सत्कार ब्राण्डेड बन्न सकोस् । हाल भईरहेका भन्दा नितान्त पृथक र रोल मोडेल होस् ।' त्यहि सोचको उपज हो हालै शिन-ओकुबोमा खुलेको 'बेम्बो छे टेष्ट अफ हिमालय' रेष्टुरेन्ट ।

बेम्बो छे मा पाईन्छ के त ? कुन मानेमा अरूभन्दा फरक ? शिन-ओकुबोको गल्ली-गल्लीमा नेपाली रेष्टुरेन्ट हुँदा हुँदैं बेम्बो मै किन छिर्ने ? जस्ता प्रश्नमाथि प्रश्न तेर्स्याउँदा उनी भन्छन् -'पर्वतीय शृङ्खला भएका राष्ट्रहरूको फुड कल्चर अनुसार हामी ग्राहकका लागि नयाँ नयाँ स्वाद पस्कन्छौं, जुन अन्त विरलै »» बाँकी पृष्ठ ८ मा

## मान्छे होइन, सामानको निर्यात बढाए मात्र राष्ट्र समृद्ध

❑ नेस डेस्क

काठमाडौँ- विश्वचर्चित ब्राण्ड ग्याप, जेसीपेनी, वालमार्ट आदिका लागि नेपाली तयारी पोसाक उद्योगहरूले लुगा उत्पादन गर्थे । तयारी पोसाकको निर्यात व्यापारबाट मुलुकले राम्रो आम्दानी पाएको थियो । यो दुई दशक अधिको कुरा हो । ती तयारी पोसाक उद्योग हिजोआज चलाइरहने वा बन्द गर्ने भन्नेमा संघर्षमा छन् । अन्य मुलुकमा तयारी पोसाक उद्योग फस्टाउँदा नेपालमा ठूलो लगानी गरेका प्रतिष्ठान किन धारासायी भए ? तयारी पोशाक उद्योगलाई पहिलाकै अवस्थामा पुऱ्याउन के गर्न सकिन्छ ? यिनै विषयमा केन्द्रीत रहेर नेपाल तयारी पोशाक उद्योग संघका अध्यक्ष पशुपतिदेव पाण्डेसँग नेपाली समाचारका लागि नृप रावलले गरेको कुराकानीको सम्पादित अंशः-

**तयारी पोशाक उद्योगको विगत कसरी सम्झिनुहुन्छ ?**

नेपालमा सन् १९८० को दशकदेखि तयारी पोशाकको उत्पादन हुन थालेको हो । नेपालपछि बंगलादेशले पनि गार्मेन्ट उद्योग सञ्चालनमा ल्याएको थियो । हामीलाई सन् १९८० देखि १९९५ सम्म अमेरिकी सरकारले बहु-कारक सम्झौता (एमएफए) को सुविधा दिएको थियो । त्यसमार्फत अमेरिकी भन्सारमा हाम्रो सामानमा भन्साररहित सुविधा थियो । त्यसले गर्दा अमेरिकन व्यापारीहरू आकर्षित भई नेपालमा व्यवसाय तथा तयारी पोशाक खरिद गर्नका लागि आएका थिए । साथै उनीहरूलाई तयारी पोशाक खरिद गर्न अन्य




मुलुक जानुभन्दा नेपालमा खरिद गर्दा सस्तो पनि पऱ्यो । त्यो बेला नेपालको गार्मेन्ट उद्योग पनि फस्टाएको थियो । सो समयमा नेपालमा करिब १२ सय ८५ वटा गार्मेन्टका उद्योग थिए । त्यो बेला यस क्षेत्रमा साढे ६ अर्ब डलरको लगानी र ६, ७ लाख मान्छेले प्रत्यक्ष रोजगारी पाएका थिए । नेपालबाट सन् २००३ सम्म वार्षिक करिब ४० करोड डलर बराबरको तयारी पोशाक निर्यात हुन्थ्यो । सोही स्थितिमा अहिले तयारी पोशाकको उद्योग रहेको भए झण्डै १ सय २० करोडको निर्यात हुनुपर्ने हो तर भएको छैन । हामी त्यही भएर पनि पछाडि पऱ्यौं ।

**नेपालमा सन् २००३ सम्म** »» बाँकी पृष्ठ ७ मा










## सम्पादकीय

# जापानमा नेपाल फेस्टिवल: नेपालीको शान

नेपाल र नेपाली पहिचानलाई जापानमा उजागर गर्ने महोत्सवका रूपमा विगत डेढ दशकदेखि हुँदै आएको नेपाल फेस्टिवल यो वर्ष यहि नोवेम्बर ३० र डिसेम्बर १ तारिखका दिन टोकियोको नाकानोमा हुँदै छ । नेपाली कला, सँस्कृति, वेषभूषा, गीत-संगीत र नेपाली परिकार मार्फत नेपालको चिनारी जापानीमाझ प्रबर्द्धन गर्ने विशेष अवसरकारूपमा यस पर्वलाई समयसापेक्ष परिष्कृत गर्दै जानुपर्ने दायित्व एकातिर छ भने अर्कोतिर फेस्टिवलमा जापानीहरूको सहभागिता बढाउन उनीहरू लक्षित कार्यक्रम निर्माणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यसप्रकारका फेस्टिवलहरूको आयोजनाबाट नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्नुका साथै जापानमा रहेका नेपालीहरूबीचको एकतालाई थप सुदृढ बनाई पारस्परिक सहयोग र सद्भावको विकासमा महत्वपूर्ण योगदान पुग्ने गरेको पाईन्छ ।

एनआरएनए जापान, नेपाल आदिबासी जनजाति महासंघ जापान, नेपाली राजदूतावास जापानको संयुक्त आयोजनामा हुन गईरहेको यस वर्षको नेपाल फेष्टिवल १४ औं शृङ्खलाकारूपमा हुन गईरहेको हो । विविधतमा एकता झल्कने नेपालको साँस्कृतिक विशेषतालाई विदेशीहरूमाझ प्रदर्शन गर्ने यो एउटा उपयुक्त अवसर हो भने जापानमा हुर्कदै गरेका नेपाली बालबालिकालाई मुलुकसंग जोड्ने र उनीहरूलाई नेपालका बारेमा थप परिचित गराउने सबैभन्दा सशक्त पर्व पनि हो । त्यसैले पनि नेपाल फेष्टिवललाई जापानमा नेपालीहरूको एउटा गौरव गर्न लायकको साझा महामेलाकारूपमा स्तरोन्नति गर्दै लैजान अति जरूरी छ । यसका लागि जापानमा रहेका नेपाली संघसंस्थाहरू एवं नेपाली समुदायबीच अविछिन्न सहकार्य अपरिहार्य छ ।

बहुसाँस्कृतिक केन्द्रकोरूपमा नेपाल हाउस निर्माणका लागि सहयोग जुटाउने आसन्न नेपाल फेस्टिवलको मुलभुत उद्देश्य रहेको बताईएको छ । जापानमा नेपाल हाउस निर्माण गर्ने जस्तो महत्वाकाँक्षी उद्देश्य सहित आयोजना गरिएको नेपाल फेस्टिवल नेपालको प्रतिष्ठासंग जोडिएको विषय हो । यसले नेपाल र जापान दुईदेशबीच रहीआएको असल सम्बन्धलाई थप मजबुत बनाउन समेत सहयोग पुग्ने भएकोले फेस्टिवललाई जतिसक्दो मर्यादित, अनुशासित र फलदायी बनाउन अधिकतम प्रयास हुनुपर्दछ । विदेशमा बस्दै गर्दा हाम्रा कतिपय ब्यवहार र आचरण राष्ट्रको नामसंग जोडिने भएकोले हरेक नेपालीले सभ्य र अनुशासित भई जिम्मेवार नागरिकको परिचय दिलाउन सक्नुपर्दछ ।

गृष्कालिन समयमा आयोजना हुँदै आएका हालसम्मका नेपाल फेस्टिवल अत्यधिक गर्मीका कारण समस्या हुने गरेकोले शितल सिजनमा हुनुपर्ने सर्बसाधारणको सुझावलाई मनन् गर्दै यस वर्ष यो सिजनमा  नेपाल फेस्टिवल हुन लागेको हो । जापानमा नेपालीहरूको संख्यामा आएको तिब्र बृद्धि र नेपालीहरूको बाहुल्य रहेको केही सहरमा नेपाल फेस्टिवल सम्पन्न भईसकेका छन् । जसअनुसार यस वर्षको गत अप्रिलमा इताबासी मोना फेस्टिवल भएलगत्तै फुकुओका, नागोया, ओकिनावा र चिवाको माचुदोमा नेपाल फेस्टिवलहरू सम्पन्न भईसकेका छन् । यसअघि सम्पन्न भएका करिव आधा दर्जन जति नेपाल फेस्टिवलमा देखिएको नेपालीहरूको उर्लदों जनसागर हेर्दा फेस्टिवलप्रति नेपालीहरूको आकर्षण बढ्दो देखिन्छ । तथापि सोहीअनुपातमा जापानीहरूको पनि सहभागिता बढाउन नेपालीहरूको ध्यान केन्द्रीत हुनुपर्दछ ।

जापानमा एउटा इतिहास बनिसकेको नेपाल फेस्टिवलको विरासतलाई थप गौरवशाली बनाउन हामी सबै नेपालीले साथ, सहयोग र समर्थन गर्दै नेपाली हुनुको दायित्व पूरा गरौं । हरेक नेपाली विदेशमा अवैतनिक राजदूत हुन् देशको प्रतिष्ठालाई थप उचो बनाउन हरेक नेपालीको भूमिका महत्वपूर्ण हुन्छ । यसप्रकारका मेला महोत्सवहरूमा हामीले आफ्नो असल सँस्कार र सँस्कृति प्रदर्शन गर्न सक्नुपर्दछ । नेपाल र नेपालीप्रति जानकार तथा नेपाललाई मन पराउने जापानीहरूको संख्या निकै ठूलो हुँदै गईरहेको छ । उनीहरूको सहयोग लिएर नेपालको हितमा उपयोग गर्न सकिने संभावित क्षेत्रहरू पनि प्रशस्तै छन् । तर उनीहरूबाट अपेक्षित सहयोग लिन सकिरहेका छैनौ । नेपाल फेस्टिवल जस्ता विशेष अवसरहरूमा उनीहरूको अनुभव र नेपालप्रतिको बुझाईलाई आम जापानीमाझ प्रवाह गर्न सके यसले निकै ठूलो अर्थ राख्नेमा दुईमत छैन ।

नेपाली वेषभूषा, नेपाली कला, सँस्कृति, नेपाली भाषा साहित्य, नेपाली झाँकी, नेपाली गीत-संगीत, नेपाली परिकारमार्फत सिंगो नेपाल र नेपालीको पहिचानलाई थप उचो बनाउनमा केन्द्रीत हुनेगरी हामी सबैको ध्यान जानुपर्दछ । साँचो अर्थमा भन्नुपर्दा फेस्टिवलमार्फत हामीले जापानीहरूमाझ नेपालको बारेमा सकारात्मक सन्देश सञ्चार गर्न सक्नुपर्दछ ।




# रेमिट्यान्समा रमाउने नेपाली बानी

विचार

✍ धर्मराज भट्टराई

*एकातिर स्वदेशमा रोजगारी सिर्जना गर्न नसकिरहेको अवस्थामा युवाहरू विदेश गएकाले सरकार ठूलो जिम्मेवारीबाट मुक्त भएको महसुस गरिरहेको छ भने अर्कोतर्फ, कुनै कडा मेहनतबिना महिनैपिच्छे खर्बौं रूपैयाँ मुलुक भित्रिएकाले सरकारलाई हाईसञ्चो भएको छ । तर, सरकारले के हेक्का राख्नुपर्छ भने रेमिट्यान्सलाई स्थायी आम्दानीको स्रोतको रूपमा लिन सकिँदैन ।*

पछिल्लो समय नेपाली अर्थतन्त्रमा सबैभन्दा बढी रेमिट्यान्स अर्थात् विप्रेषण आम्दानी हावी बन्दै गएको छ । देशमा भित्रिने रेमिट्यान्स बढ्दा अर्थतन्त्रका परिसूचकहरू सकारात्मक देखिन्छन् र घट्दा नकारात्मक देखिन्छन् । यो अवस्था हेर्दा अहिले मुलुकको अर्थतन्त्र रेमिट्यान्समा निर्भर छ भन्दा फरक पर्दैन ।

मुलुकमा रेमिट्यान्स आप्रवाह बढ्दै गएको छ । यसले अर्थतन्त्रका परिसूचकहरूमासमेत सुधार देखिएको छ । विशेषगरी मुलुकको शोधनान्तर स्थिति, विदेशी मुद्राको सञ्चिति जस्ता अर्थतन्त्रका बाह्य परिसूचकहरू मजबुत बन्दै गएको देखिएको छ । यसैलाई आधार बनाएर सरकारले अर्थतन्त्र सुधारोन्मुख रहेको जनाएको छ । अर्कोतर्फ, रेमिट्यान्स आम्दानी प्राप्त गरेका घरपरिवारहरू समेत हौसिएका देखिन्छन् ।

नेपालको श्रम बजारमा वार्षिक करिब ५ लाख युवा कामको खोजीमा बजारमा प्रवेश गर्छन् । आन्तरिक बजारमा पर्याप्त रोजगारीको अवसर नहुँदा दैनिक सरदर २ हजारभन्दा बढी सक्रिय जनशक्ति कामको खोजीमा बिदेसिने गरेका छन् । मुलुकबाट युवाहरू बिदेसिन थालेको धेरै समय भए पनि सरकारले आव ०६५/०६६ बाटमात्र यसको आधिकारिक तथ्याङ्क राख्न सुरू गरिएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकको तथ्याङ्कअनुसार डेढ दशकको अवधिमा करिब ९५ खर्ब रूपैयाँ रेमिट्यान्स मुलुकमा भित्रिएको छ । यो अवधिमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर ५० लाखभन्दा बढी नेपाली विदेश गएका छन् । पछिल्लो समय बिदेसिने श्रमिकको संख्या बढेसँगै रेमिट्यान्सको आप्रवाहमा समेत वृद्धि हुँदै गएको छ । आव २०७१/७२ मा ६ खर्ब १७ अर्ब रूपैयाँ बराबर रेमिट्यान्स भित्रिएकोमा गत आव ०८०/८१ मा यो रकम दोब्बरभन्दा बढीले वृद्धि भई १४ खर्ब ४५ अर्ब ३२ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकको तथ्याङ्कमा उल्लेख छ । अघिल्लो आर्थिक वर्षको तुलनामा यो १६ दमशलव ५ प्रतिशतले बढेको हो । चालु आवको पहिलो दुई महिना अर्थात् साउन र भदौमा मात्र रेमिट्यान्समार्फत २ खर्ब ६३ अर्ब १४ करोड रूपैयाँ मुलुक भित्रिएको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष रेमिट्यान्स आप्रवाह १५ दशमलव २ प्रतिशतले बढेको हो ।

करिब ५५ खर्ब रूपैयाँ बराबरको आर्थिक संरचना र १८ खर्बको राष्ट्रिय बजेट भएको देशमा बर्सेनि १४ खर्बभन्दा बढी रेमिट्यान्स आप्रवाह हुनु सामान्य कुरा होइन । तथापि भित्रिएको रेमिट्यान्स कहाँ र कसरी उपयोग भइरहेको छ भन्ने विषयले भने प्राथमिकता पाएको देखिँदैन । रेमिट्यान्समा भएको वृद्धिसँगै विदेशी मुद्राको सञ्चितिले मुलुकमा वस्तु आयातमा समस्या नभएको भन्दै सरकार ढुक्क देखिन्छ । यसैगरी शोधनान्तर स्थितिमा आएको सुधारले अर्थतन्त्र जोखिमरहित भएको दाबी सरकारले गर्ने गरेको छ । रेमिट्यान्सबाट प्राप्त आम्दानीको सदुपयोग गरी मुलुकको आन्तरिक उत्पादन कसरी बढाउन सकिन्छ भन्ने बहस अहिलेसम्म चलेको देखिँदैन । एकातिर स्वदेशमा रोजगारी सिर्जना गर्न नसकिरहेको अवस्थामा युवाहरू विदेश गएकाले सरकार ठूलो जिम्मेवारीबाट मुक्त भएको महसुस गरिरहेको छ भने अर्कोतर्फ, कुनै कडा मेहनतबिना महिनैपिच्छे खर्बौं रूपैयाँ मुलुक भित्रिएकाले सरकारलाई हाईसञ्चो भएको छ । तर, सरकारले के हेक्का राख्नुपर्छ भने रेमिट्यान्सलाई स्थायी आम्दानीको स्रोतको रूपमा लिन सकिँदैन । मुलुकमा अहिलेकै गतिमा रेमिट्यान्सको आप्रवाह सधैंभरि भैरहने कुनै ग्यारेन्टी छैन । किनभने, रेमिट्यान्स आम्दानी हाम्रो बसमा हुँदैन । यसको गतिलो उदाहरण सन् २०१९ मा देखिएको कोभिड-१९ महामारी र यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको प्रतिकूल असरलाई लिन सकिन्छ । उक्त समयमा रेमिट्यान्स आम्दानीमा आएको गिरावटले मुलुकको समग्र आर्थिक अवस्था नाजुक बन्न पुगेको थियो । यो घटनालाई सरकारले भुल्नुहुँदैन ।

रेमिट्यान्स आप्रवाहमा भएको वृद्धिले सरकार मात्र नभई आम्दानी प्राप्त गर्ने घरपरिवारले समेत आर्थिक रूपमा सुरक्षित भएको महसुस गरेका देखिन्छन् । यसैको परिणाम स्वरूप अहिले मुलुकका विभिन्न क्षेत्रमा लाखौं हेक्टर खेतीयोग्य भूमि बाँझो छ । सरकारी तथ्याङ्कअनुसार नेपालको कुल खेतीयोग्य जग्गा ४१ लाख २१ हजार हेक्टरमध्ये हाल ३० लाख ९१ हजार हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिएको छ । करिब  १० लाख हेक्टर जमिन बाँझो छ । यसका पछाडि कृषिमा श्रम गर्ने युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीको कमी, जस्ता कारणहरू रहे पनि प्रमुख कारण रेमिट्यान्स आम्दानी रहेको जानकारहरू बताउँछन् ।

सरकारी तथ्याङ्कअनुसार नेपालको कुल खेतीयोग्य जग्गा ४१ लाख २१ हजार हेक्टरमध्ये हाल ३० लाख ९१ हजार हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिएको छ । करिब  १० लाख हेक्टर जमिन बाँझो छ । यसका पछाडि कृषिमा श्रम गर्ने युवा शक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीको कमी, जस्ता कारणहरू रहे पनि प्रमुख कारण रेमिट्यान्स आम्दानी रहेको जानकारहरू बताउँछन् ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले हालै सार्वजनिक गरेको जीवनस्तर सर्वेक्षणले नेपालमा घरपरिवारले प्राप्त गर्ने रेमिट्यान्समध्ये ७२ दशमलव ४ प्रतिशत दैनिक उपभोगमा मात्रै प्रयोग गर्दै आएको जनाएको छ । यसैगरी रेमिट्यान्सको १५ दशमलव ८ प्रतिशत ऋण भुक्तानीमा, ४ दशमलव ६ प्रतिशत स्वदेशमै अध्ययनका लागि, ० दशमलव ६ प्रतिशत वैदेशिक अध्ययनका लागि, १ दशमलव २ प्रतिशत पुँजी निर्माणमा, ० दशमलव ४ प्रतिशत व्यवसाय वा लगानीमा, १ दशमलव ९ प्रतिशत घरजग्गा तथा टिकाउ योग्य सम्पत्तिमा, १ दशमलव ९ प्रतिशत बचत र १ दशमलव २ प्रतिशत अन्य क्षेत्रमा उपयोग गर्दै आएको सर्वेक्षणले औंल्याएको छ । यसबाट के प्रष्ट हुन्छ भने मुलुकभित्र भित्रिएको रेमिट्यान्स आम्दानी उपभोग र अन्य अनुत्पादक क्षेत्रमा खर्च हुने गरेको छ । यसैकारण रेमिट्यान्स आप्रवाह बढ्दैमा मुलुकको आर्थिक विकासमा रातारात फड्को मार्ने आशा राख्नु व्यर्थ देखिन्छ ।

रेमिट्यान्सबाट प्राप्त हुने आम्दानीको उचित परिचालन नहुँदा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको आर्थिक स्थिति समेत जोखिममा रहेको देखिएको छ । प्रवासी नेपाली समन्वय समिति (पिएनसीसी) को एक अध्ययनले वैदेशिक रोजगारीबाट नेपाल फर्किएका आप्रवासी कामदारमध्ये ३७ दशमलव ६ प्रतिशत निर्वाहमुखी कृषिमा संलग्न रहेका र १६ दशमलव ५ प्रतिशत बेरोजगार रहेको पाइएको छ । उक्त अध्ययनमा ८० प्रतिशत आप्रवासी कामदारहरू आफ्नो आप्रवासनका लागि ऋणमा भर पर्ने गरेको देखिएको छ । यसैगरी वैदेशिक रोजगारीबाट फर्किएका ७२ प्रतिशत श्रमिकले वैदेशिक रोजगारीको क्रममा बचत गर्न सक्षम नभएको अध्ययनमा उल्लेख छ । यहि तथ्याङ्कको आधारमा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी श्रमिकहरू झन् धेरै आर्थिक जोखिममा रहेको निस्कर्ष अध्ययन प्रतिवेदनले निकालेको छ । यसैकारण रेमिट्यान्स भित्रिने घरपरिवारले फजुल एवं अनुत्पादक क्षेत्रमा हुने खर्चलाई न्यूनीकरण गर्दै जानुपर्ने आवश्यक देखिन्छ ।  पिएनसीसीको अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएका ९ दशमलव २ प्रतिशत आप्रवासी श्रमिकले आर्जित सीप देशमा प्रयोग गरेका भए पनि करिब ३३ प्रतिशतले विदेशमा सिकेको सीप नेपालको श्रम बजारसँग सान्दर्भिक नभएको बताएका छन् । यसैगरी २० प्रतिशत श्रमिकले नेपाली श्रम बजार अथवा स्थानीय श्रम बजारमा समान काम उपलब्ध नभएको र ११ प्रतिशतले प्राविधिक भिन्नताहरूका कारण आफूले सिकेको सीप नेपालमा उपयोग गर्न नसकेको जनाएको छ । यसको असर अहिले क्षणिक देखिए पनि भविष्यमा भयाभव हुन सक्ने अनुमान लगाउन सकिन्छ ।

रेमिट्यान्सले मुलुकको अल्पकालिन समस्या समाधान गरे पनि यसलाई स्थायी आम्दानीको स्रोतको रूपमा स्वीकार्न सकिँदैन । त्यसैले मुलुकको दीगो आर्थिक एवम् सामाजिक विकासमा जोड दिने हो भने स्वदेशमै रोजगारी सिर्जना गर्नुपर्छ । आन्तरिक उत्पादन वृद्धि र निर्यात प्रबर्द्धनलाई प्राथमिकता दिनैपर्छ । यसका लागि रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नु आवश्यक छ । रेमिट्यान्सलाई कृषि क्षेत्रको विकास र विस्तारमा लगाउन सकिने देखिन्छ ।

*(भट्टराई अर्थशास्त्रका अध्यापक हुन् ।)*

# कान्साई विश्वकै उत्कृष्ट विमानस्थल



❑ नेस संवाददाता

टोकियो – जापानको कान्साई अन्तर्राष्ट्रिय विमानस्थलले 'वर्ल्डस् बेस्ट एयरपोर्ट फर ब्यागेज डेलिभरी' को उपाधि पाएको छ । जापानको सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय विमानस्थलहरूमध्ये एक कान्साईलाई बेलायतको एयरपोर्ट रेटिङ संस्था 'स्काईट्राक्स' ले ब्यागेज डेलिभरीमा विश्वकै उत्कृष्ट विमानस्थल'को उपाधि दिएको हो ।

ओसाका र क्योटो क्षेत्रलाई सेवा दिने यो विमानस्थलमा तीन दशकयता कुनै सुटकेस, गल्फ क्लबको सेट, स्ट्रोलर वा अन्य कुनै सामान हराएको छैन । तर यसको कर्मचारीहरूले भने यसलाई खासै ठूलो कुरा ठानेका छैनन् । ` हामी केवल आफ्नो कामको प्रक्रिया र नियमअनुसार चल्छौं र जुन गर्नुपर्ने हो, त्यही गर्छौं: विमानस्थलमा काम गर्ने सीकेटीएस कम्पनीका सुपरवाइजर सुयोशी हाबुताले भने । हाबुता र उनको टोलीले प्रत्येक दिन ३ हजारभन्दा बढी सामानहरूलाई निकै ध्यानपूर्वक ह्यान्डल गर्छन् । विमान अवतरण भएको १५ मिनेटभित्र सामान क्यारोसेलमा पुऱ्याइन्छ, जसले यात्रुहरूको तनावलाई कम गर्न सहयोग गर्दछ । एयरपोर्टका सहायक सिईओ बेनोइट रूलेओलेका अनुसार विमानस्थलका सबैजना यस उपलब्धिमा गर्व गर्छन् ।

# माचुदो नेपाल फेस्टिवलबाट ३० लाख येन बचत




❑ नेस संवाददाता

टोकियो – गैर आवासीय नेपाली संघ चिबा क्षेत्रीय समिति र माचुदो नगरको संयुक्त आयोजनमा सम्पन्न भएको माचुदो नेपाल फेस्टिवलको आय–ब्यय हिसाब सार्वजनिक गरिएको छ । गत सेप्टेम्बर २२ तारिख आयोजना गरिएको सो फेस्टिवलको आय ब्यय विवरण अघिल्लो आईतवार सार्वजनिक गरिएको हो ।

फेस्टिवलका लागि गठित आर्थिक समितिका संयोजक मुक्तिराज रेग्मीका अनुसार फेस्टिवलमा कुल ८६ लाख ७९ हजार ८ सय ४१ येन आम्दानी भएकोमा ५६ लाख ३८ हजार २ सय ४५ येन खर्च भएको छ । जसअनुसार आम्दानीबाट खर्च कटाई ३० लाख ४१ हजार ५ सय ९६ येन बचत हुन आएको र त्यसमध्य ५ लाख २० हजार येन उठ्न बाँकी रहेको जनाईएको छ ।

# जापानी 'ओके बाजे' लाई पाल्पामा अभिनन्दन



❑ नेस संवाददाता

काठमाडौं – तीन दशकदेखि पाल्पाको पूर्वीभेगमा रहेर सामाजिक सेवा गर्दै आएका जापानी नागरिक काजुमासा काकिमीलाई रामपुर किसानबारीमा साँस्कृतिक झाँकीसहित अभिनन्दन गरिएको छ । पाल्पा, नवलपुर र नवलपरासीका विभिन्न शैक्षिक संस्था, स्थानीय तह, सामाजिक विकास संघसंस्था, क्लब लगायतले उनलाई ऱ्यालीसहित रामपुर नगरक्षेत्रमा रथारोहण सहित परिक्रमा गराइएको थियो । काकिमीको बालबालिकासहितको पूर्ण कदको प्रतिमासमेत स्थापना गरिएको छ । मितेरी पार्कमा प्रतिमा राखिएको छ । पदयात्रीका रूपमा ३० वर्षअघि नेपाल आएका काकिमी सामाजिक सेवामार्फत पाल्पालीको उन्नतिका लागि निरन्तर सक्रिय छन् । काकिमीले गरिबी, अशिक्षा र पछौटेपन देखेर पूर्वखोला गाउँपालिका–२ जल्पाको ढोलीमाराबाट सामाजिक काम थालेका थिए । काकिमी त्यसताका नेपाली भाषा नबुझ्रे पनि कुरा गर्दा 'ओके ओके' भन्ने गरेकाले स्थानीयले उनको उपनाम नै 'ओके बाजे' दिएका थिए । यहाँका २ सय ५० भन्दा बढी संघसंस्थाले उनको सम्मान गरेका हुन् ।

पाल्पाली ढाकाको दौरासुरुवालमा सजिएर कार्यक्रममा उपस्थित भएका काकिमीले यस क्षेत्रका विद्यालय भवन निर्माण, क्लब, आमा समूह, बालशिक्षाको भवन निर्माण, पछाडि परेका साथै विपन्न समुदायका बालबालिकाको शैक्षिक विकास र स्वास्थ्य क्षेत्रको विकासका लागि सहयोग गर्दै आएको अभिनन्दन मूल आयोजक समितिका सुन्दर रानाले बताए । काकिमीले जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नुका साथै एम्बुलेन्स सञ्चालनमा समेत सहयोग गर्दै आएका छन् ।

# जापानको जन्मदर निरन्तर घट्दो, मृत्युदर बढ्दो

❑ नेस संवाददाता

टोकियो – सरकारी तथ्याङ्कका अनुसार जापानमा २०२४ मा जन्मदर ७ लाखभन्दा तल झर्ने संकेत गरेको छ । श्रम तथा कल्याण मन्त्रालयले मंगलबार सार्वजनिक गरेको विवरणले जन्मदरमा निरन्तर गिरावटको संकेत गरेको हो । सार्वजनिक गरेको तथ्याङ्कअनुसार यो वर्षको पहिलो ६ महिनामा ३ लाख २९ हजार ९ सय ९८ शिशुको जन्म भएको छ, जुन अघिल्लो वर्षको तुलनामा ६ दशमलव ३ प्रतिशतले घटेको छ । यो तथ्याङ्कमा जापानमा बसोबास गर्ने विदेशी नागरिकलाई समेटिएको छैन । विगतका वर्षहरूमा विवाह नगर्ने वा ढिलो गर्ने बच्चा जन्माउने नचाहने प्रवृत्ति बढेकाले जन्मदर निकै तल झरेको देखिन्छ ।

यसै अवधिमा, मृत्युको संख्या भने ८ लाख २ सय ७४ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १ दशमलव ८ प्रतिशतले बढेको हो । जापानको स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयले दिएको यो तथ्याङ्क अनुसार गएको १५ वर्षदेखि जापानको जनसंख्या लगातार घट्दै गएको छ । सन् २०२३ को पहिलो ६ महिनामा जन्मको संख्या ३ लाख ५२ हजार २ सय ४० थियो भने सो वर्षभरि ७ लाख २७ हजार २ सय ७७ रहेको थियो ।

dipway JAPAN
Restaurants, Food Services & Hotels
टोकियोकै एक नम्बर
Wholesale & Retail Delivery Service



इण्डियन, नेपाली, थाई, जापानी रेष्टुरेन्ट (इजाकाया) तथा हलाल फुड स्टोरका लागि आवश्यक पर्ने सबै किसिमका खाद्य तथा अन्य सामग्री सुपथ मूल्यमा उपलब्ध गराइन्छ ।
सस्तो मूल्यमा गुणस्तरिय सामान र भरपर्दो सेवा

DIPWAY JAPAN FOOD SERVICE
〒123-0864, 2-26-16 Shikahama, Adachi-ku, Tokyo
Tel: 03-5837-4977, Fax: 03-5837-4987
Mobile: 090-6477-4977
www.dipway.co.jp
foodservice@dipway.co.jp

पहिलो नेपाली अन्तर्राष्ट्रिय High स्कुल
Montessori देखि +2 सम्म पढाइ हुने गुणस्तरीय शिक्षा प्रदान गर्ने पहिलो नेपाली अन्तर्राष्ट्रिय स्कुल
Cambridge Assessment International Education
Cambridge International School
YOUR CHILD DESERVES BEST EDUCATION
"HIGH GOALS FOR BETTER EDUCATION"
हाम्रा विशेषताहरू
१. छात्रवृत्तिको ब्यवस्था
२. विज्ञान तथा कम्प्युटर प्रयोगशाला
३. नेपाली तथा विदेशी शिक्षक-शिक्षिकाहरू द्वारा अध्यापन
४. IELTS/TOEFL/TOEIC तथा जापानी भाषाको नि:शुल्क कक्षा
५. कक्षा १२ को अध्ययन पश्चात जापान तथा अन्य मुलुकहरूका विश्वविद्यालय भर्नाका लागि नि:शुल्क परामर्श सेवा
६. असल संस्कारयुत उत्कृष्ट एवं गुणस्तरिय शिक्षा
७. पुस्तकालयको ब्यवस्था
८. डिजिटल प्रविधिको भरपुर प्रयोग




Approved by MEXT
EVEREST INTERNATIONAL SCHOOL, JAPAN
1-19-10, Ogikubo, Suginami-Ku, Tokyo, 167-0051
03-5335-7379, 03-5335-7393, 090-1084-7379
eisj.info@gmail.com

जापानी भिसा आवेदनका लागि हामीलाई सम्झनुहोला
हाम्रा सुविधाहरु
◈ एड्जुकेन (पर्मानेन्ट रेसिडेन्ट)
◈ वर्किङ भिसा
◈ जापानी पासपोर्ट (किस्का)
◈ परिवारका सदस्य बोलाउन
◈ अन्तर्राष्ट्रिय विवाह भिसा
Scan for website



Aikyo Immigration Lawyer Office | あいきょう行政書士事務所
〒273-0002千葉県船橋市東船橋４丁目３０番地８号サンビレッジ２０７号室
#207 4-30-8 Higashi-Funabashi, Funabashi, Chiba 273-0002
Tel: 047-409-8028, Mobile: 070-3977-8316, Fax: 047-409-2078




Document TRANSLATE गर्नुपर्ने छ ?
CALL NOW !
080-4150-5314
Nepali ↔ Japanese ↔ English ↔ Hindi
नेपाली, जापानीज, अंग्रेजी भाषामा रहेका जुनसुकै किसिमका कागजातहरु माथिका ४ भाषामा अनुवाद गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314

# लय समात्दै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल



❑ नेस संवाददाता

काठमाडौं - लामो समयको प्रतीक्षापछि रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुरू भएसँगै उत्साह छाएको छ । साढे दुई वर्ष आन्तरिक उडानमै सीमित बनेको विमानस्थलबाट एकैदिन चार वटा एअरलाइन्सले अन्तर्राष्ट्रिय उडान शुरू गरेसँगै उत्साह छाएको हो । विमानस्थलबाट थाई एयर, जजिरा एयरलाइन्स, फ्लाई दुबई र नेपाल एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान सुरू गरेका छन् । दैनिक १० घण्टा सेवा रोकेर काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नतिको काम भइरहँदा गौतमबुद्ध विमानस्थलमा अन्तर्राष्ट्रिय उडानले उत्साहित बनाएको छ । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटनकै दिनबाट अन्तर्राष्ट्रिय उडान सुरू गरेको कुवेतको जजिरा एयरलाइन्सले केही समय उडान गरेपछि स्थगित गरेको थियो । त्यसको १० महिनापछि शनिबारबाट पुनः उडान सुरू गरेको छ । संयुक्त अरब इमिरेट्स (युएई) को फ्लाई दुबईले पनि यही विमानस्थलबाट उडान सुरू गरेको छ । पश्चिम नेपालका नागरिक यहाँबाट विदेश जान र आउन पाउँदा हर्षित देखिएका थिए । नेपाल एयरलाइन्सले काठमाडौं-भैरहवा-दुबई-काठमाडौं सातामा चार दिन आइतबार, सोमबार, बुधबार र शुक्रबार उडान गर्ने तालिका छ । फ्लाई दुबईले शनिबारदेखि साताको सातै दिन दुबई-भैरहवा-काठमाडौं-दुबई एक उडान गर्ने तालिका छ ।

# बंगलादेश पुग्यो नेपालको बिजुली



❑ नेस संवाददाता

काठमाडौं - नेपालमा उत्पादित विद्युत् बंगलादेश निर्यात हुन थालेको छ । नेपालबाट ४० मेगावाट विद्युत् भारतको प्रसारण लाइन हुँदै बंगलादेश पुऱ्याइएको हो । नेपाल विद्युत् प्राधिकरणले वर्षायाममा उत्पादित विद्युत् ५ महिना अर्थात् हरेक वर्षको जुन १५ देखि नोभेम्बर १५ सम्म बंगलादेशलाई बिक्री गर्ने छ । भारतको विद्युत् मन्त्रालयअन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले त्रिशूली र चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित क्रमशः १८ दशमलव ६० र २१ दशमलव ४० गरी ४० मेगावाट बिजुली बंगलादेशतर्फ निर्यातका लागि कात्तिक २९ मा स्वीकृति दिएको थियो । यो स्वीकृति सन् २०२९ अक्टोबर २ सम्मका लागि छ ।

नेपालमा उत्पादित विद्युत् बंगलादेश निर्यात गर्दा ढल्केबर-मुजफ्फरपुर ४०० केभी प्रसारण लाइन हुँदै भारतको मुजफ्फरपुर सबस्टेसन पुऱ्याइन्छ । त्यहाँबाट भारतको प्रसारण लाइनमार्फत बेहरामपुर (भारत)-भेडामारा (बंगलादेश) ४०० केभी प्रसारण लाइनमार्फत बंगलादेशमा विद्युत् पुग्छ । नेपाल र बंगलादेशबीच विद्युत् व्यापार डलरमा हुन्छ । भारतसँग भारूमा मात्रै विद्युत् खरिदबिक्री भइरहेको छ । विद्युत् बिक्रीबापत प्राधिकरणले बंगलादेशबाट प्रतियुनिट ६ दशमलव ४० अमेरिकी सेन्ट पाउँछ ।

'शुक्रबार बंगलादेशतर्फ ४० मेगावाट बिजुली साढे ११ घण्टा निर्यात गर्दा प्राधिकरणले ३७ लाख ९३ हजार ४ सय ३३ रूपैयाँ पाउँछ,' प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले भने, 'ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले बेहोर्नुपर्छ ।' नेपाल र बंगलादेशले ०७५ साउन २५ मा ऊर्जा सहकार्यसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गरेका थिए । नेपालबाट बंगलादेशमा विद्युत् निर्यात करिब ६ वर्षको गृहकार्यपछि सम्भव भएको हो ।

# उपनिर्वाचन: शक्ति परीक्षणमा दलहरू

❑ नेस संवाददाता

काठमाडौं - यही मंसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनमा ४४ पदका लागि ४ सय १० जना चुनावी मैदानमा उत्रिएका छन् । जिल्ला समन्वय समिति प्रमुख २, नगरपालिका प्रमुख र उपप्रमुख तथा गाउँपालिका अध्यक्ष र उपाध्यक्ष ८ र ३४ वडाध्यक्षका लागि आइतबार मनोनयन दर्ता गरिएको हो । निर्वाचन आयोगका अनुसार रिक्त ८ गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुखका लागि ८४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । 'उनीहरूमध्ये ३५ महिला, ४८ पुरूष र १ अन्य छन्,' आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले भनिन्, 'रिक्त ३४ वडाध्यक्ष पदका लागि २९ महिला, २ सय ९३ पुरूष र एक अन्य गरी ३ सय २३ जनाको मनोनयन दर्ता भएको छ ।' आयोगका अनुसार सबैभन्दा बढी उम्मेदवार धनुषाधाम नगरपालिका-१ को अध्यक्ष पदमा २१ जना छन् । सबैभन्दा कम रूकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-२ को अध्यक्ष र बझाङको सुर्मा गाउँपालिका-४ को अध्यक्षमा ३/३ जना उम्मेदवार छन् ।

# इन्टरपोलको सूचीमा ३ सय ३८ नेपाली

❑ नेस संवाददाता

काठमाडौं - सिंगापुर पठाइदिने भनी ४० जनाभन्दा बढी व्यक्तिको पाँच करोड दुई लाख ९४ हजार ठगी गरी कम्बोडियामा लुकेर बसेकी सिन्धुपाल्चोक मान्खाकी बिनु शाक्य र उदयपुर त्रियुगा-१० का सुजन आचार्यलाई 'नेसनल सेन्टर ब्युरो' (एनसिबी ) कम्बोडियाले नियन्त्रणमा लिई यसै हप्ता नेपाल प्रहरीलाई बुझायो । २०८० माघ १९ गते रेड नोटिस जारी भएका आचार्य र शाक्य विदेशको कुनामा पुगेर पनि १० महिनाभन्दा बढी लुक्न सक्नुभएन । सहकारीमा सर्वसाधारणले बचत गरेको रकम हिनामिना गरी फरार बागलुङको ढोरपाटन नगरपालिकाका प्रमुख देवकुमार नेपाली असोज ११ गते भारतको दिल्लीबाट पक्राउ परे । बागलुङ र पोखरामा कार्यालय रहेको इमेज बचत तथा ऋण सहकारीका अध्यक्षसमेत रहेका नेपाली सोही सहकारीको झण्डै दुई अर्ब रकम हिनामिना गरी गत २०८० जेठ ५ गते फरार थिए । एक हजार चार सय ८१ जनाको बचतकर्ताको उजुरीपछि नेपाल प्रहरीले अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) लाई अनुरोध गरेपछि गत भदौमा 'रेड नोटिस' जारी भएको थियो ।

यी केही प्रतिनिधि घटना मात्र हुन् । पछिल्लो दुई वर्षमा विभिन्न अपराधमा संलग्न भई विदेशमा लुकेर बसेका ३४ जनालाई इन्टरपोलमार्फत पक्राउ गरी नेपाल प्रहरीले कानूनी दायरामा ल्याएको छ ।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला )
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT International
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला । यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो ।



Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट
BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00


कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन रुपलाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट रुपलाई गर्नुपरेमा
८) भिसा परिवर्तन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

Kantipur Boutique Japan
KANTIPUR BOUTIQUE JAPAN
विवाह, ब्रतबन्ध, एनिभर्सरी, पास्नी लगायतका पार्टीहरुका लागि आवश्यक पर्ने साडी, कुर्था, लेहङ्गा तथा दौरा-सुरुवाल, ढाकाटोपी जस्ता नेपाली-इण्डियन सामान सुपथ मूल्यमा उपलब्ध गराईन्छ । साथै ढाकाको खादा तथा ब्याच लगायतका सामाग्री पनि उपलब्ध छ ।



03-6908-6670
090-9139-9735
facebook.com/kantipurboutique
KANTIPUR BOUTIQUE
Mausam International Co. Ltd.
2-4-5 (706) Hyakunincho, Shinjuku-Ku, Tokyo
(Only 30 Second From JR Shin-Okubo Station)

# पोल तथा तारमुक्त बन्यो न्युरोड



❑ नेस संवाददाता

काठमाडौं – नेपाल विद्युत् प्राधिकरणले भूमिगत तारमार्फत विद्युत् आपूर्ति सुरू गरेसँगै काठमाडौंको न्युरोड क्षेत्र पोलमुक्त भएको छ । न्युरोडबाट पोल र तार हटाउने काम सुरू गरिएको महानगरले काम सक्काएसँगै न्युरोड थप आकर्षक बनेको हो । योजनाभित्र परेकामध्ये उपत्यकाका अधिकांश ठाउँमा तार भूमिगत गर्ने काम सकिएको र पोल तथा तार हटाउने काम न्युरोडबाट सुरू गरिएको प्राधिकरणका प्रवक्ता चन्द्रकुमार घोसले बताए ।

'न्युरोडबाट पोल र तार हटाउने काम सुरू गरिएको हो,' उनले भने, 'बाँकी ठाउँमा पनि क्रमशः पोल र तार हटाइनेछ ।' भूमिगत तारको काम उपत्यकाबाहिर पोखरा र भरतपुर महानगरपालिका क्षेत्रमा पनि गरिँदैछ । प्राधिकरणले टेलिकम र इन्टरनेट सेवा प्रदायक कम्पनीहरूलाई समेत तार भूमिगत गर्न निर्देशन दिएको छ । सरकारले २०७६ साल फागुन ५ मा यो परियोजना दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य राखेको थियो । तर, ६ वर्ष बितिसक्दा पनि केवल ७५ प्रतिशत काम मात्र सम्पन्न भएको छ ।

# अलैंचीको मूल्य दशकयताकै उच्च



❑ नेस संवाददाता

काठमाडौं – कालो सुनको उपमाले चिनिएको अलैंचीको मूल्य दशकयताकै उच्च बिन्दुमा पुगेको छ । नेपालको पूर्वीपहाडी जिल्लाका बजारहरूमा प्रतिमन (४० केजी) एक लाख माथिको मूल्यमा अलैंचीको कारोबार भइरहेको हो । अलैंचीलाई तीन गुणस्तरमा छुट्ट्याएर बिक्री गरिन्छ । व्यापारीहरूका अनुसार ग्रेडिङ गरेको उच्च गुणस्तरको अलैंचीले १ लाख ५ हजार मूल्य पाएको छ । कैंची कट (पुच्छर काटेको) १ लाख १ हजार र चालु अलैंची ९८ हजारमा बिक्री भइरहेको छ । 'यो साल अलैंचीले दशकयताकै उच्च मूल्य पाएको हो,' अलैंची व्यवसायी तथा उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य दीपक नेपालले भने, 'मूल्य अझै बढ्ने सम्भावना छ ।'

२०७१ सालमा अलैंचीले प्रतिमन १ लाख ५ हजार मूल्य पाएको थियो । त्यसयता निरन्तर ओरालो लागेको अलैंचीको मूल्यमा गत वर्षदेखि सुधार भएको हो । गत वर्ष प्रतिमन ८२ हजारमा अलैंचीको कारोबार भएको थियो । अलैंची व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निर्मल भट्टराईका अनुसार यो साल अलैंचीको मूल्यले रेकर्ड ब्रेक गर्ने सम्भावना छ । 'मूल्य निरन्तर बढिरहेको छ,' भट्टराईले भने- 'अन्तर्राष्ट्रिय बजारको माग अनुसार अलैंची उत्पादन नभएकाले मूल्य बढेको हुनसक्छ ।'

२०६७ सालमा अलैंचीले हालसम्मकै उच्च मूल्य पाएको थियो । त्यस बखत प्रतिमन १ लाख २० हजारमा अलैंची बिक्री भएको थियो । तर, त्यो मूल्य धेरै दिन टिकेको थिएन ।

# निर्माण नसकिदैं दोस्रो पटक खोलिएको धरहरा बन्द

❑ नेस संवाददाता

काठमाडौं – धरहरा सञ्चालनमा आएको तीन महिना नपुग्दै बन्द भएको छ । सहरी विकास भवन निर्माण विभागका उपमहानिर्देशक प्रकीर्ण तुलाधरका अनुसार लिफ्ट बिग्रिएपछि धरहरा अनिश्चितकालका लागि बन्द गरिएको हो । २०७२ को भूकम्पले धरहरा ढालेपछि २०७५ सालदेखि निर्माण थालिएको थियो । निर्माण थालेको ६ वर्षपछि पुरा निर्माण सम्पन्न नहुँदै असोज ३ गते संविधान दिवसको दिन सञ्चालनमा ल्याइएको थियो ।

तत्काल परीक्षणका लागि खुला गरिएको यस धरहरा दैनिक ६ सय जना निःशुल्क चढ्न पाउने व्यवस्था गरेको थियो । जसका लागि अनलाइनमार्फत निःशुल्क टिकट बुक गरेर चढ्न पाउने व्यवस्था गरिएको थियो । बुधवार र सार्वजनिक बिदाको दिनबाहेक धरहरा खुला गरिएको थियो । हालसम्म २५ हजार ७ सय ४२ जना धरहरा चढेको तथ्याङ्कमा उल्लेख छ ।

# जुनेली रातमा अन्न सुकाउने पर्व



❑ नेस संवाददाता

काठमाडौं – गोरखामा नेवार समुदायको जुनेली रातमा अन्न सुकाउने पर्व मनाइएको छ । परम्परागत रूपमा मनाउँदै आएको अन्न सुकाउने पर्व शुक्रबार राति धुमधामका साथ मनाइएको हो । ऐतिहासिक क्षेत्र संरक्षण तथा विकास समिति गोरखाको आयोजनामा नेवारलगायतका समुदायले जुनको उज्यालोमा सामूहिकरूपमा अन्न सुकाएर पर्व मनाएको समितिका अध्यक्ष सुरेशमान श्रेष्ठले जानकारी दिए । ठूलो आँगनमा प्लाष्टिक ओछ्याएर भुटेको मकै, बदाम, भटमास, चना, केराउलगायतका खाद्यान्न राखिएको थियो । पर्व मनाउन स्थानीयले घरबाट मकैसहितका गेडागुडी र अन्नबाली ल्याएका थिए, यसरी सुकाएको अन्नलाई प्रसादका रूपमा ग्रहण गर्ने चलन छ । नेवार समुदायका अगुवासमेत रहेका ज्येष्ठ नागरिक समाज गोरखाका अध्यक्ष मोहनलाल श्रेष्ठले झण्डै ४० वर्षदेखि मनाउन छोडिएको यो पर्व विगत तीन वर्षदेखि सामूहिक रूपमा मनाउन थालिएको जानकारी दिए । कात्तिक शुल्क पूर्णिमाको रातमा अमृत वर्षा हुने भएकाले भुटेको मकै, बदाम, भटमास, चना केराउलगायतका गेडागुडी, फलफूल, सख्खरखण्डका साथै खाद्यान्न जुनमा सुकाएर खाएमा अमृत समान हुने विश्वासका साथ पर्व मनाउने गरिएको उनको भनाई छ ।

शुक्ल पूर्णिमाको दिन जुनको प्रकाशमा सुकाइएको अन्न खाएमा रोग नलाग्ने र प्राचन प्रणाली स्वस्थ्य र बलियो हुने धार्मिक विश्वास छ । यो पर्व परम्परागत रूपमा नेवार समुदायले घरघरमा अन्न सुकाएर मनाउने गरेको भएपनि अहिले भने संस्कृति र परम्पराको संरक्षणका लागि सामूहिकरूपमा मनाउन थालिएको छ ।

सरसफाई गर्नें पार्टटाइमर चाहियो

लामो अवधि
➤ समय: ०७:००-१६:०० बजेसम्म (२ घण्टा ब्रेक)
➤ पारिश्रमिक: ८ हजार येन (प्रतिदिन)
➤ यातायात: दैनिक ५ सय येनसम्म
➤ आवासको सुबिधा, सवारी चालक र ग्रुपलिडरका लागि अतिरिक्त भत्ता

छोटो अवधि
➤ आवश्यकता: २०२४ अगष्ट १६ देखि १९ सम्म
➤ समय: २ दिनदेखि ४ दिनसम्म (सिफ्टअनुसार)
➤ पारिश्रमिक: न्युनतम ३ मान ६ हजार येनदेखि अधिकतम ७ मान २ हजार येनसम्म (आपसी सहमतिमा)
➤ अन्य सुबिधा: आवास, खाना र प्रतिघण्टा ब्रेक
➤ गर्नुपर्ने काम: म्युजिक फेस्टिबलमा सरसफाई तथा अनुगमन
(कामको अनुभव नभए पनि हुने)

Langate Co., Ltd.
3-18-11 Nitta, Adachi-ku,
Tokyo 123-0865
050-5236-6570 (Subedi Sushil )
recruitment@langate.biz
(नेपाली भाषा उपलब्ध)

तोकुतेइ गिनोउ भिसामा
जापानमा रोजगारीको अवसर

जापानको श्रमबजारमा खुलेको नयाँ अवसर तोकुतेइ गिनोउ (विशेष सीपयुक्त कामदार – SSW) भिसामा निःशुल्क रोजगारीका लागि इच्छुक महानुभावहरूले हामीलाई संपर्क राख्नुहोल । जापानमै रहनुभएका र नेपालबाट आउन चाहने निम्न योग्यता भएकाहरूले आवेदन गर्न सक्नुहुने छ । साथै जापानी भाषा परीक्षा र सीप परीक्षाका लागि पूर्व तयारी कक्षाका साथै आवश्यक सबै सहजीकरणको ब्यवस्था छ ।

आधारभूत जानकारी
• जापानी भाषाको एन-फोर वा सो सरहको तह उत्तीर्ण गरेको
• निर्दिष्ट १४ क्षत्र मध्य कुनै एक क्षेत्रको सीप परीक्षा उत्तीण गरेको
• माथिका दुबै वा कुनै एक परीक्षा दिनका लागि सर्पोटको आवश्यक परेमा
• यसका आधारभूत मापदण्ड र प्रक्रिया बारे बिस्तृत जानकारी चहिएमा
• नेपालमै हुनेहरूले पनि भिजिटमा जापान आएर परीक्षा दिन चाहेमा
• एन-फोर र सीप परीक्षाका लागि तयारी कक्षा धमाधम सञ्चालन भईरहेको छ

GMT INTERNATIONAL CO., LTD.
Tel/Fax : 03-5937-5314
080-4150-5314, 090-6095-5712
(License No: 19-001335)
Email: info@gmt-intl.com, Web: www.gmt-intl.com
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

BIPASNA NEPALI PASAL
Wholesale and Retail Fancy Shop



विवाह, ब्रतबन्ध जस्ता पार्टीहरूका लागि आवश्यक पर्ने साडी, कुर्था तथा गरगहना लगायतका नेपाली-इण्डियन सामान एकैठाउँमा उपलब्ध छ । तपाईंको अर्डर अनुसार डिजाइनमा कपडा तयार गरिनुका साथै हामीकहाँ कस्मेटिक तथा पूजाका सामग्री पनि उपलब्ध छ । बिपस्ना नेपाली पसललाई अवश्य सम्झनुहोला ।



070-3614-3359
03-5937-4484 | 070-8362-8092
〒169-0073 Tokyo, Shinjuku, Hyakunincho, 2-13-17 フラット・アイ103
Scan for location
FOLLOW US!



OGAWA JIMUSYO
Visit Our Website

भिसा सम्बन्धि सम्पूर्ण काम

जापानमा भिसा सम्बन्धि सम्पूर्ण कामका लागि सँधै हामीलाई सम्झनुहोला । साथै कम्पनी स्थापना गर्ने, कम्पनीमा कार्यरत स्टाफहरुको तलवी हिसाब गरिदिने, कम्पनीको ठेगाना तथा उद्देश्य परिवर्तन गर्ने, नामसारी गर्ने लगायतका कामहरु पनि गरिन्छ । सुपथ मूल्यमा भरपर्दो र छिटो सेवा हाम्रा विशेषता हुन ।

सम्पर्क
おがわ事務所
(2 Min. Walk From JR Okubo Station North Exit)
Tel: 03-3368-6647 Fax: 03-3368-9966
Mobile: 090-2933-9001
1-18-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073

We Accept Payment Through
VISA PayPay
軽減税率制度 (Reduced Tax Rate System) सुविधा उपलब्ध छ ।
क्रेडिट कार्ड, पास्मो वा सुइकामार्फत भुक्तानी गर्दा भुक्तानी मूल्यको ५ प्रतिशत प्वाइन्ट प्राप्त हुने या छुट हुने ।
यो अवधि २०१९ अक्टोबरदेखि २०२० जुन मसान्तसम्म ।

# एनपीएलका खेल
## स्टार स्पोर्ट्स्‌बाट प्रत्यक्ष प्रसारण हुने

❑ नेस संवाददाता

काठमाडौं - नेपाल प्रिमियर लिग (एनपीएल) का खेलको स्टार स्पोर्ट्स्‌ले प्रत्यक्ष प्रसारण गर्ने भएको छ । एनपीएलको खेलको प्रत्यक्ष प्रसारणका लागि स्टार स्पोर्ट्स्‌सँग सम्झौता भएको हो । एनपीएलले पनि स्टार स्पोर्ट्स्‌सँग प्रत्यक्ष प्रसारण गर्ने सम्झौता भएको उल्लेख गरेको छ । स्टार स्पोर्ट्स्‌सँग सम्झौता भएको सार्वजनिक गर्दै एनपीएलले भनेको छ, 'हामी स्टार स्पोर्ट्स्‌लाई नेपाल प्रिमियर लिगको आधिकारिक प्रसारण साझेदारका रूपमा घोषणा गर्न पाउँदा हर्षित छौं ।'

एनपीएल मंसीर १५ देखि पुस ६ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा आठ टोलीले प्रतिस्पर्धा गर्नेछन् । विभिन्न टोलीले विदेशी खेलाडीलाई अनुबन्ध गरिरहेका छन् । भारतका चर्चित खेलाडी शिखर धवन कर्णाली याकबाट खेल्ने जनाइएको छ ।

# नेपाली युवा टोली विश्वकपमा छनौट



❑ नेस संवाददाता

काठमाडौं - नेपाली युवा टोली आईसीसी यू-१९ महिला टी-२० विश्वकपमा छनोट भएको छ । अजमानस्थित द सेभेन रंगशालामा बुधबार भएको खेलमा घरेलु टोली यूएईलाई आठ विकेटले पराजित गर्दै नेपाल विश्वकपमा छनोट भएको हो । नेपाली महिला टोली पहिलो पटक यू-१९ विश्वकपमा पुगेको हो । यूएईले दिएको ८४ रनको लक्ष्य नेपालले १४ दशमलव ४ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । चार देश सम्मिलित प्रतियोगितामा समूह विजेता बनेर नेपाल सन् २०२५ हुने विश्वकपका लागि छनोट भएको हो ।

यू-१९ विश्वकप सन् २०२५ मा मलेशियामा हुँदैछ । एसीसीको आयोजनामा आगामी डिसेम्बरमा यू-१९ महिला एशिया कपका लागि पनि नेपाल छनोट भएको हो । एशिया कप क्रिकेटमा नेपालसँगै पाकिस्तान, भारत, श्रीलंका, बाङ्लादेश र मलेशियाले प्रतिस्पर्धा गर्नेछन् ।

यसैबीच विश्वकपका लागि छनोट भएको नेपाली महिला क्रिकेट टोलीका खेलाडीलाई जनही दुई लाख ५० हजार रूपैयाँ पुरस्कार प्रदान गरिने भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले पहिलो पटक विश्वकपमा पुगेको नेपाली महिला क्रिकेट टोलीलाई प्रोत्साहनस्वरूप नगद पुरस्कार दिने निर्णय गरेको प्रवक्ता छुम्बी लामाले बताए । टोलीमा समावेश अफिसियललाई जनही एक लाख ५० हजार रूपैयाँ पुरस्कारबाट सम्मान गर्ने निर्णय भएको छ ।

# 'द लास्ट सेफर्ड' लाई टोकियो डक्समा अवार्ड

❑ नेस संवाददाता

काठमाडौं - नेपाली फिल्म 'द लास्ट सेफर्ड' ले जापानको टोकियो डक्स २०२४ मा अल जजिरा अवार्ड जितेको छ । यसअघि ढाका डकलब २०२३ मा जीएफएमआई, डीएमजेड डक्स इन्ड्रस्ट्री पिच २०२४, डकएज कोलकाता २०२४ र टोकियो डक्स २०२४ मा छनोट भएको यो फिल्ममा पूर्वी रूकुमको तकसेरा गाउँको अन्तिम भेडी गोठालोको कथा छ ।

डकुमेन्ट्री शैलीमा तयार फिचर फिल्ममा गोठालोले भेंडाहरूप्रति गर्ने प्रेम र उनको स्वतन्त्रता देखाइएको छ । अनिल बुढामगरले निर्देशन गरेको यो फिचर फिल्ममा निर्देशकले आफ्ना बुवाको कथा प्रस्तुत गरेका हुन्, जो उक्त ठाउँको अन्तिम गोठालो हुन् । फिल्मलाई रेजोनेटिङ पिक्चर्समार्फत सुशान्त श्रेष्ठले निर्माण गरेका हुन् ।

सन् २०२१ बाट अनुसन्धान थालिएको फिल्मको कथालाई २०२२ बाट खिच्न सुरू गरिएको निर्माण टिमले जनाएको छ । सन् २०२३ मा यो फिल्मले ग्लोबल फिल्म एण्ड मिडिया इनिसियटिभ अवार्ड जितेको थियो ।

# दशकपछि मञ्चमा फर्किए 'महजोडी'



❑ नेस संवाददाता

काठमाडौं - महजोडीले बढी चिनिने मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको समूहले झण्डै १० वर्षपछि 'महजात्रा' नामक प्रहसनलाई पुनः ब्युँताएका छन् । मीरा फाउन्डेसन र मानव सेवा आश्रमको सहयोगार्थ आयोजना गरिएको 'महजात्रा' प्रहसन बिहीबारदेखि मंसिर १८ सम्म कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा चल्नेछ । प्रहसनमा मदनकृष्ण र हरिवंशसहित किरण केसी, राजाराम पौडेल, शिवहरि पौडेल, नरेन्द्र कंसाकार, शैलेन्द्र सिम्खडा, यमन श्रेष्ठ, दिनेश काफ्ले, विभुषा बस्नेतलगायत हास्य कलाकारको पनि प्रस्तुति रहेको छ ।

महजोडीले यसअघि प्रस्तुत गरेका लोकप्रिय प्रहसनहरू 'यमलोक', 'प्यारालाइसिस', 'अंशबन्डा', 'विज्ञापन', 'श्राद्ध', 'नेपाल बन्द', 'रिमोट कन्ट्रोल', 'वडा नं. ३४', 'दुई सय पाँच', 'नाता' र 'शपथग्रहण' लगायत अझै पनि नेपाली हास्य क्षेत्रमा स्मरणीय रहेका छन् । पार्किन्सन्स रोगले पीडित भए पनि मदनकृष्णले अभिनय, लेखन र गायनलाई भने निरन्तरता दिइरहेका छन् । उनी स्वास्थ्यले साथ दिएसम्म कलाकारिता क्षेत्रमा लागिरहने बताउँदै साथी हरिवंशलाई सधैं साथ दिने बताउँछन् ।

१० वर्षको अन्तरालपछि फेरि मञ्चमा एकसाथ आएका मह जोडीले पुरानो शैलीको हास्य-व्यङ्ग्यलाई पुनर्जीवित गर्ने आयोजकको दाबी छ । भन्छन्, यो प्रहसनमा मनोरञ्जनसँगै सामाजिक सन्देशको समिश्रण पनि रहेकाले दर्शकलाई हँसाउँदा हँसाउँदै समाजप्रति नयाँ दृष्टिकोण राख्न पनि प्रेरित गर्छ ।'












# मान्छे होइन..

»» पृष्ठ १ को बाँकी

**एक हजारभन्दा बढीको संख्यामा गार्मेन्ट उद्योग थिए, हाल एक सयको हाराहारीमा मात्रै बाँकी छन् । उद्योग धाराशायी हुने अवस्थामा कसरी आयो?**

अमेरिकी सरकारसँगको त्यो सम्झौता २००५ मा टुट्यो । सरकारी कार्यालयका लागि पनि रिन्यु गर्न मिल्दैन थियो । तर, त्यस्तै किसिमको अन्य सुविधाहरू लिन मिल्थ्यो । त्यसमा सरकारले ध्यान दिन सकेन । सरकारले नीति नियम बनाई सहजीकरण गरिदिने हो, व्यवसायीले व्यापार गर्ने हो । चाइना र अमेरिकाको व्यवसायिक रणनीति परिवर्तन भएता पनि चाइनाप्रति चाँही अमेरिकी व्यवसायीहरू आकर्षित भइरहेका छन् । व्यवसायीलाई सरकारले सहजीकरण गरेको खण्डमा व्यापार गर्छन् । राजनीति भन्दा पनि व्यावसायिक विषयवस्तुमा लबिङ गर्‍यो भने राम्रो हुन्छ ।

**नेपालमा पछिल्लो समय गार्मेन्ट उद्योगको अवस्था कस्तो छ ?**

तुलनात्मक रूपमा अहिले तयारी पोशाकको निर्यात बढेको छ । गत आर्थिक वर्षमा ७ अर्ब ३५ करोडको तयारी पोशाक निर्यात भएको थियो । यो वर्ष बढ्छ । आगामी आर्थिक वर्षमा निर्यात अझै बढ्न सक्ने अनुमान गरेका छौं । पछिल्लो समय तयारी पोशाकको निर्यातको अवस्था हेर्ने हो भने सन्तोषजनक नै देखिन्छ ।

विदेशबाट आएका तयारी पोशाक नेपालीको रोजाइ पर्छ, रूचाउँछन् पनि, तर, नेपाली तयारी पोसाक किन नेपालीकै रोजाइमा पर्न सफल भएन ? यसमा जनचेतनाको कमी भएको देखिन्छ । देशको व्यापार घाटा बढ्दै गएको छ । अहिलेको अवस्थामा निर्यात भन्दा धेरै आयात भइरहको छ । बढ्दो व्यापार घाटालाई ब्यालेन्समा ल्याउनका



लागि भएपनि अब नेपाली उत्पादनको प्रयोग गर्नुपर्‍यो । खाद्यान्न पछिको ठूलो ट्रेड भएका क्षेत्र नै लत्ताकपडा हो । अब आफ्नो उत्पादन आफैले प्रयोग गर्नुपर्छ । सोही अनुरूप अगाडि बढ्नुपर्छ । स्वदेशी तथा मौलिक उत्पादनको प्रयोग गर्ने बानीको विकास गर्नुपर्छ । स्वदेशी उत्पादनप्रति आकर्षण बढाउनका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक छ । तपाईंले अहिले बजारमा अन्तर्राष्ट्रिय ब्राण्ड सामान देख्नुहुन्छ । सो ब्राण्ड मध्ये केही सामान यहीँ बनेका छन् । बाहिरबाटै सबै आएका छैनन् । मेकिङ नेपाल र मेड इन नेपाल देखेपछि कपडा किन्न अप्ठ्यारो मान्ने, राम्रो सामान छैन भनेर नकिन्ने जस्ता जुन खालको प्रवृति छ, त्यसलाई अब हटाउँदै स्वदेशी प्रडक्टलाई प्राथमिकता दिने र नेपाली सामान अन्य देशका भन्दा कम छैन भनेर विश्वास दिलाउन आवश्यक छ । नेपालमै गुणस्तरीय सामान उत्पादन हुन्छ । बिदेशी हैन, स्वदेशी सामान प्रयोग गरौं ।

**नेपालमा उत्पादन भएको कपडाको मूल्य कस्तो छ ?**

तयारी पोशाकको मूल्य नै हुँदैन । एउटै कपडाको मूल्य ५ लाख र ३ लाख पर्ने हुन्छ । कुन कपडा किन्नुहुन्छ, त्यसमा भर पर्छ । नेपालमा ३ देखि ५ सय डलरसम्मको लुगा उत्पादन हुँदै आएको छ । एउटै पिस कपडा ३ देखि ५ सय डलरमा उत्पादन गरी निर्यात गर्दै आएका छौं । कस्ता कपडा छान्छन् त्यो ग्राहकको हातमा छ ।

**विदेशी तयारी पोशाकसंगको प्रतिस्पर्धा कस्तो छ ?**

हामी विदेशी तयारी पोशाकको तुलनामा केही महङ्गो छौं । तर, हामीसँग हरेक हिसाबले काम गर्न सक्ने क्षमता छ । त्यो क्षमता प्रयोगमा चाहिँ महङ्गा छैनौं । हामी अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्छौं । विदेशीको तुलनामा हामी २७ प्रतिशत महङ्गा छौं । किनभने हाम्रो बोर्डर टाढा छ, भन्सार दर बढी छ । जसका कारण थोरै महङ्गो हुन पुगेको हो ।

**निर्यातमा साझा चुनौती तथा समस्या के हुन् ?**

सबैभन्दा ठूलो समस्या नै महङ्गो ब्याजदर हो । अहिले कामदार पनि पाइन छाडेको छ । निर्यात भएको केही समयपछि उद्योगीको खातामा पैसा आउनुपर्ने हो । तर, आउँदैन । त्यो झन् जटिल प्रक्रिया छ । एकद्वार प्रणालीको विकास गर्नुपर्‍यो । सरकारले उत्पादित सामानको अन्तर्राष्ट्रिय रूपमा लबिङ गरी विश्वव्यापी सहज तरीकाले बेच्न सक्ने वातावरण बनाउनुपर्छ । त्यसपछि मात्र हाम्रो उत्पादनले बजार पाउँछ भन्ने मेरो बुझाई छ । हामीसँग धेरै राम्रो उत्पादन छ । तर, निर्यात गर्न र काम गर्न सकिरहेका छैनौं । हामी डलर भित्र्याउनका लागि वस्तु निर्यात भन्दा पनि व्यक्ति निर्यात गरिरहेका छौं । यसलाई निरूत्साहन गर्दै सरकारको ध्यान व्यक्ति निर्यातभन्दा पनि स्वदेशी वस्तु निर्यात गर्नमा हुनुपर्‍यो ।

**तपाईंको नजरमा नेपालमा गार्मेन्ट उद्योगको विकास गर्न के गर्नुपर्छ ?**

गार्मेन्ट उद्योगको विकासका लागि सरकारको महत्वपूर्ण भूमिका छ । यस क्षेत्रमा गर्नुपर्ने काम धेरै छन् । सरकारले सहजीकरण गर्‍यो भने निजी क्षेत्रले काम गर्छ । हामी अन्य देश भन्दा २७ प्रतिशत महङ्गा छौं । त्यसमा सरकार र निजी बसेर कुन-कुन कुरामा मूल्य घटाउने, अन्तर्राष्ट्रियमा बजारको तुलनामा कसरी सस्तो हुने भनेन विषयमा छलफल भयो भने राम्रो हुन्छ । सरकारले सहुलियत व्याज, ल्याब, सीप विकास आदि लगायतका सेवा सुविधाहरू दिनुपर्छ । इसीए गर्नका लागि पहल गरिरहेका छौं । वर्किङ क्यापिटलमा ४०, ५० प्रतिशत लोन दिने भनेको छ । सरकारले र राष्ट्र बैंकले उत्पादन मूलक उद्योग र ट्रेडिङ उद्योगलाई एउटै बास्केटमा राखेर हेर्नुभएन । हामीले उत्पादनमूलक सामान निर्यात गर्नुपर्ने भएकाले वर्किङ क्यापिटलमा ७०, ८० प्रतिशत लोन चाहिन्छ । त्यो घटी काम गर्न सकिँदैन । यी कुराहरू राष्ट्र बैंकमा पनि उठाईरहेका छौं ।

**अन्त्यमा, गार्मेन्ट उद्योग संघको अध्यक्ष भएर यस क्षेत्रको उत्थानमा तपाईंको भूमिका कस्तो रह्यो ? नयाँ योजना के-के छन् ?**

म उमेरको हिसाबले पनि युवा । अब देशमा युवाको आवश्यकतालाई मध्यनजर गर्दै साथीहरूले यस पदको नेतृत्वमा उभ्याई दिनुभयो । यस संस्थाको अध्यक्ष भइसकेपछि विभिन्न अन्तर्राष्ट्रिय सेमिनार तथा तालिमहरूमा सहभागी भई नेपाली प्रडक्टको बारेमा बुझाउने अवसर पाएको छु । गार्मेन्ट उद्योगको विकासका लागि विभिन्न समस्या समाधान गर्नका लागि सरकार तथा सम्बन्धित निकायसँग बसेर लबिङ गरिरहेको छु । यो उद्योगी व्यवसायीहरूका लागि सुखद कुरा पनि हो । म एफएनसीसीआईको वस्तुगत तर्फको नवनिर्वाचित सदस्य पनि हुँ । र, एफएनसीसीआईले निर्यात प्रवर्द्धन समितिको सह-सभापतिका रूपमा काम गरिरहेको छ । अहिले बढ्दो संख्यामा युवा विदेशिएका छन् । युवा पलायन हुँदा उद्योगमा काम गर्ने कामदारको अभाव भएको छ । यस क्षेत्रलाई पहिलाकै अवस्थामा पुर्‍याउन हरपल लागि परेको छु ।

# सन्तानका लागि 'सन्तान' छोड्न बाध्य आमाहरूको कथा



❑ नेस संवाददाता

काठमाडौं - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दैनिकजसो रहरभन्दा बाध्यताले देश छाड्नेको बाक्लै ताँती हुन्छ । मन भारी बनाएर विदेश उड्ने लाइनमा रहेका उनीहरूका आ–आफ्नै कथा–व्यथा हुन्छन् । जहाँ युवाहरूमात्रै हुँदैछन्- अधबैंसे र सन्तानका आमाहरू पनि भेटिन्छन् । कतिपयलाई त सन्तान छोडेरै सन्तानको सुन्दर भविष्यको लागि विदेसिनु परेको छ । झापाकी रूपा गिरी सात वर्षीय छोरा माइत छाडेर मलेसिया उडिन् । मलेसिया जान लागेकी गिरीले भावुक हुँदै भनिन्, 'घर चलाउन, घरै छाड्नुपर्‍यो ।' घरको आर्थिक स्थिति सुधार्न विदेसिन लागेको उनको भनाइ थियो ।

कक्षा ११ को पढाई बीचैमा छाडेर गिरीले बिहे गरेको केही वर्षमा छोरा जन्मियो । कलाकारिता पेसामा आबद्ध श्रीमान्को कमाइले परिवार चलाउन सकेनन् । उनले ऋण गरेर स्वदेशमै व्यापार गर्नेबारे पनि नसोचेको होइन तर लगानी गर्ने आँट नभएपछि विदेसिन बाध्य भएको बताइन् । 'सन्तान छाडेर विदेसिने कुन आमालाई खुसी मिल्छ होला र', उनले भनिन्, 'मुटुमा ढुंगा राखेर जान लागेकी छु । राम्रै कम्पनी परे त ठिकै हो । नभए के गर्ने थाहा छैन ।'

गिरीसँगै कामदारका रूपमा विदेश जान ८ महिला तयार थिए । ती सबै आमाहरू थिए । त्यही लहरमा भेटिएकी झापाकै ३४ वर्षीया सरस्वती तामाङको अनुहार मलिन देखिन्थ्यो । आफ्नै नाम भन्न लजाउने तामाङले समुन्द्रपारिको मुलुकमा कसरी काम गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफ छोटोमा दिइन्, 'जे त होला ।'

तामाङले ५ कक्षासम्म मात्रै पढेकी छन् । सानैमा बिहे भयो । १० वर्षकी छोरी छोडेर विदेसिनु कुनै महत्वाकांक्षा नरहेको उनको भनाइ छ । 'यो मेरो बाध्यता हो', उनी भन्छिन्, 'छोरी हुर्किंदै छे, उसलाई मेरो जरूरी पर्छ तर गरिबीले विदेसिने बनायो ।' तामाङका श्रीमान् सवारी चालक छन् । सुकुम्बासी बस्तीमा बस्ने उनीहरूको जग्गा जमिन छैन । घर चलाउन श्रीमान्लाई विदेश पठाउने तयारी गरे पनि स्वास्थ्य परीक्षण गर्दा छातिमा दाग देखिएपछि उनले आफै विदेसिने निधो गरेकी हुन् । 'नेपालको कमाइले पुग्दैन । महँगी छ । त्यसैले विदेश जानुको विकल्प देखिनँ', उनले भनिन् ।

स्याङ्जाकी धनु घले दुई छोराछोरीकी आमा हुन् । श्रीमान्ले काम नगर्ने, जाँड रक्सी खाएर कुटपिट गर्ने गरेपछि उनले 'फुटपाथ'मा साग बेचेर जीविकोपार्जन गर्दै आएकी थिइन् । छोराछोरी पढाउन र हुर्काउन गाह्रो भयो । श्रीमान्लाई फकाएर मलेसिया पठाइन् । विदेश गएका श्रीमान्ले खर्च पठाउने आशामा पाँच वर्ष बित्यो तर श्रीमान्ले न त पैसा पठाए न त फोन सम्पर्क नै । हातमुख जोर्न मुस्किल भएपछि ४२ वर्षीया घलेले छोराछोरीलाई छात्रवासमा राखेर दुबई जान लागेको बताइन् । 'विदेश गएको श्रीमान्ले एक सुको पठाएन, वास्तै गरेन', उनले भनिन्, 'छोराछोरी पाल्ने कोही नभएपछि उनीहरूकै भविष्यका लागि विदसिन लागेकी हुँ ।'

वैदेशिक रोजगार विभागको सन् २०२२ को तथ्याङ्कमा वैदेशिक रोजगारमा जाने महिलाको उमेर समूहमा २४ देखि ३४ वर्षका ५२ दशमलव तीन प्रतिशत, १८ देखि २४ उमेरका ३२ दशमलव तीन प्रतिशत र ३५ देखि ४४ वर्ष उमेरका १४ दशमलव छ प्रतिशत र ४५ देखि माथिका शून्य दशमलव आठ प्रतिशत उल्लेख छ । विभागकाअनुसार बर्षेनि ६० हजार हाराहारीको संख्यामा महिला वैदेशिक रोजगारीमा जाने गरेका छन् । आर्थिक वर्ष २०७८/०७९ मा ४९ हजार महिला वैदेशिक रोजगारीमा गएका थिए । आर्थिक वर्ष २०७९/०८० मा ७२ हजार महिला श्रम गर्न विदेश गए । आर्थिक वर्ष २०८०/८१ मा भने वैदेशिक रोजगारीमा जाने महिलाको संख्या वृद्धि भई ८० हजार पुगेको छ ।







# 'बेम्बो छे..'

»» पृष्ठ १ को बाँकी

पाईन्छ । स्टेशनदेखि नजिकै र उपयुक्त लोकेशन त छँदै छ, पारिवारिक शान्त वातावरणमा स्वादिष्ट भोजनले स्वागत गर्दै हामी ग्राहकलाई सन्तुष्ट बनाएर पठाउँछौं । ग्राहकको मनोविज्ञानलाई बुझेर हरेक साँझ सुमधुर धुनमा लाइभ म्युजिक प्रस्तुत गर्दछौं । ब्यवस्थित र स्तरिय पार्टी तथा भोजभतेरको



ब्यवस्थापन गर्दछौं । हामी जापानमा छौं, निश्चितरूपमा जापानी ग्राहकप्रति हाम्रो प्राथमिक लक्ष रहन्छ नै, तथापि हाम्रा नेपाली दाजुभाइ-दिदीबहिनी तथा अन्य विदेशी मुलका ग्राहकहरूका लागि पनि हामी उहाँहरूको रूचीअनुसारको सेवाप्रदान गर्दछौं । शान्त, खुल्ला, शिष्ट र स्वादिष्टको फ्युजनको अर्को नाम 'बेम्बो छे' लाई जापानमा ब्राण्डेड बनाउने हाम्रो दृढ संकल्प हो ।'

शिनओकुबो क्षेत्रमा गुणात्मकभन्दा संख्यात्मक हिसाबले बढ्दो नेपाली रेष्टुरेन्ट, घटिघटाउ अस्वस्थ्य प्रतिस्पर्धा, क्वालिटी र भोल्यूममा एकरूपताको अभाव, अनुगमनकारी निकाय नहुनु, माग र आपूर्तिको सिध्दान्त एवं बजारको अध्ययन बिना मूल्य निर्धारण गरिनु जस्ता कारण अधिकाँश नेपालीहरू निर्वाहमुखी ब्यवसायमा सीमित हुनुपरेको सर्बबिदितै छ । अपवाद बाहेक नेपालीले जापानमा कडा मिहिनेत गर्दा पनि ब्यवसायिक छलाङ मार्न नसक्नुका कारण पनि यिनै र यस्तै हुनुपर्दछ ।'

- राजेशले आफ्नो थप अनुभव सुनाए ।

जापानमा नेपालीहरूको आगमन तिब्र गतिमा बढ्दो छ । यो क्रम रोकिनेवला छैन । हामी केही दशक जापानमा



बसेका-भोगेकाहरूले अबको नयाँ पुस्तालाई राम्रो र ब्यवसायिक सँस्कार सिकाउन सक्नुपर्दछ । हामी आफैले बाटौ बिरायौं भने यसको नकारात्मक असर अबको पुस्तामा समेत पर्न जान्छ । जापानले सिकाएको समय, शिष्टता, शालिनता र संयमितता जस्ता आचरण जीवनमा अवलम्बन गर्न सिक्यौं र सिकायौं भने मात्र आजको सिनियर पुस्ताले जिम्मेवारी पूरा गरेको ठहर्छ । त्यसकारण आजको सिनियर पुस्ताको काँधमा युवा पुस्तालाई सहि गोरेटो देखाउने जिम्मेवारी पनि छ भन्ने बिर्सन हुँदैन ।' - राजेशले अगाडि भने ।

जापानमा सिकेका, भोगेका र बटुलेका अनुभवलाई नेपाल फर्केर उपयोग गर्ने राजेशको सोंच छ । उनले अबको एक-डेढ दशकभित्रै आफ्नै देश फर्केर जापानमा सिकेको सीप र दक्षतालाई जन्मभूमिका लागि समर्पण गर्ने योजना सुनाए । पछिल्लो समयमा जापान आएका तन्नेरी पुस्ताका नेपालीले समेत यतैको राष्ट्रियता लिने क्रम बढेको सन्दर्भमा राजेशको धारणा लिन खोज्दा उनी भन्छन् -'हुन त आ-आफ्नो सोचाई हो, तर मलाई कस्तो लाग्छ भने जुन देशमा हामी जन्मियौं, हुर्कियौं, बढ्यौ, पढ्यौं, जब देशका लागि केहि गर्न सक्ने भयौं तब विदेश हानियौं, देशका लागि पसिना बगाउन पाएका छैनौं । तसर्थ जन्मभूमिप्रतिको दायित्व पूरा गर्न पनि पाखुरामा दम छँदै मुलुक फर्कनुपर्छ भन्ने मेरो मान्यता छ । तथापि संसारभरि माइग्रेशनको ट्रेण्ड चलिरहेको बेला जापान आएर कुनै पश्चाताप भने लागेको छैन । खुशी नै छु । छोरो अब त फर्किए पनि हुन्थ्यो भन्ने बुवाआमाको चाहना पनि राम्रोसंग बुझेको छु ।'



हालैमा खुलेको 'बेम्बो छे' मा राजेश आफै खटेका छन् । बिहानसम्मै खुल्ने 'बेम्बो छे' को ब्यवस्थापन आफै सम्हालेका राजेश भन्छन् -'कम्तिमा पनि ६ महिनासम्म आफै बसेर हेर्छु, एउटा सिष्टममा चल्ने बनाएपछि फेरि अर्को यस्तै अर्को शाखा बिस्तार गर्ने सोंचमा छु । मलाई आफ्नो काममा पूरै फोकस हुन मनपर्छ । कामबाट आउने सकारात्मक रिजल्टले दिने खुशी भन्दा अरू यो संसारमा केनैछ र ? हाम्रो कसैसंग ब्यवसायिक प्रतिस्पर्धा छैन, हाम्रो प्रतिस्पर्धी हामी नै हो ।'

'बेम्बो छे' रेष्टुरेन्टभित्रको दृश्य र इन्टेरियर शिन-ओकुबो स्टेशनको प्लेटफर्मबाटै प्रष्टै देखिन्छ । सानो चिटिक्क परेको स्टेज र क्लियर साउण्ड सिष्टममा बेम्बो छे रेष्टुरेन्टको हरेक गोधुली साँझ सुगम संगीतले गुल्जार हुन्छ । साँझतिर आएका पाहुनाहरू संगीतमा झुम्दै स्वादिष्ट परिकारमा आनन्द लिईरहेको दृश्यले छेउको टेबुलमा बसेर हेरिरहेका राजेशलाई मिल्ने खुशी उनको अथक परिश्रमको अतुलनीय कमाई हो ।

- (कुराकानीमा आधारित)

प्रस्तोता: तिलक मल्ल




Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Gyan Khadka